**आमचोक गाउँ कार्यपालिकाको निर्णय पुस्तिका :** **बैठक मितिः- २०८१/०१/१५** **बैठक संख्याः-१८**

आज मिति २०८१ साल वैशाख १५ गते शानिवारको दिन आमचोक गाउँपालिकाको अध्यक्ष श्री अशोक राईज्यूको अध्यक्षतामा वसेको गाउँ कार्यपालिकाको वैठक देहाय बमोजिम सदस्यज्यूहरुको उपस्थितिमा देहायका प्रस्तावहरु माथि छलफल र निर्णय गरी सञ्चालन गरियो ।

**उपस्थिति**

| सि.न. | पद | नाम | हस्ताक्षर |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री अशोक राई | |
| २ | उपाध्यक्ष | श्री सीता राई | |
| ३ | सदस्य | श्री निम्नुरी शेर्पा | |
| ४ | सदस्य | श्री राम वहादुर खड्का | |
| ५ | सदस्य | श्री गोपाल राई | |
| ६ | सदस्य | श्री नेत्र बहादुर खत्री | |
| ७ | सदस्य | श्री राम प्रसाद राई | |
| ८ | सदस्य | श्री बम बहादुर बस्नेत | |
| ९ | सदस्य | श्री नविन राई | |
| १० | सदस्य | श्री सन्तोष राई | |
| ११ | सदस्य | श्री रोशन मगर | |
| १२ | सदस्य | श्री बालदिप राई | |
| १३ | सदस्य | श्री सुक माया राई | |
| १४ | सदस्य | श्री शान्ति राई | शान्ति राई |
| १५ | सदस्य | श्री सुजता प्रधान | |
| १६ | सदस्य | श्री भवानी विष्ट | |
| १७ | सदस्य | श्री मञ्जु भुजेल | |
| १८ | सदस्य | श्री गोविन्द परियार | |
| १९ | सचिव | श्री धन कुमार राई | |
| २० | प्रशासन शाखा प्रमुख | श्री राजेश राई | |

आमन्त्रीत शाखा प्रमुखहरु

| | | | |
|---|---|---|---|
| १ | कृषि शाखा प्रमुख | श्री भुवनेश्वर यादव | |
| २ | स्वास्थ्य शाखा प्रमुख | श्री महिनारायण चौधारी | |
| ३ | प्राविधिक शाखा प्रमुख | श्री विपन सुवेदी | |
| ४ | रोजगार शाखा प्रमुख | श्री दिपक कार्की | |
| ५ | सूचना प्रविधि अधिकृत | श्री नविन ढकाल | |
| ६ | लेखा शाखा प्रमुख | श्री विनोद खत्री | |
| ७ | शिक्षा शाखा प्रमुख | श्री ज्ञान वहादुर राउत | |
| ८ | जिन्सि शाखा प्रमुख | श्री जनक वहादुर राई | |
| ९ | एम आइएस शाखा प्रमुख | श्री महेश राई | |
| १० | साना सिंचाइ कार्यक्रम फोकल पर्सन | श्री भिमलाल गिरी | |
| ११ | पशु सेवा शाखा प्रमुख | श्री डम्वर चन्द | |
| १३ | योजना शाखा प्रमुख | श्री मिनराज विष्ट | |
| १४ | महिला तथा वालवालिका शाखा प्रमुख | श्री मुना राई | |
| १५ | राजश्व शाखा प्रमुख | श्री केशर श्रेष्ठ | |
| | | | |
| | | | |
| | | | |

प्रमुख प्रशासकीय अधिकृत
२०८१/१/१५

आमचोक गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
भोजपुर

अशोक राई
अध्यक्ष
०८१/१/१५

**प्रस्तावहरु**

१. आर्थिक वर्ष २०८१/८२ को लागि नीति तथा कार्यक्रम तय गर्ने सम्वन्धमा
२. आमचोक गाउपालिकाको कानून निर्माण तथा परिमार्जन सम्वन्धमा
३. सुरक्षित नागरिक आवाश गृह सञ्चालनको लागि घरभाडामा लिने सम्झौता सम्वन्धमा
४. वडा नं १० को वडा कार्यालय भवनको वोलपत्र आह्वान सम्वन्धमा
५. शिक्षा ज्योति भवन निर्माणको अन्तिम विल भुक्तानी सम्वन्धमा
६. योजनाहरुको म्याद थप सम्वन्धमा
७. कफि नर्सरी उत्पादनको कृषि समुह/फर्म/सहकारी संस्था छनौट सम्वन्धमा
८. एभोकाडो खेतीको लागि कृषि समूह/फर्म/सहकारी संस्था छनौट सम्वन्धमा
९. विशेष छात्रवृत्तिको लागि सूचना प्रकाशन सम्वन्धमा
१०. आमचोक गाउँपालिकाले ऋण लिने सम्वन्धमा

**निर्णयहरु**

**निर्णय नं.१**

प्रस्ताव नं १ माथि छलफल भइ आर्थिक वर्ष २०८१/८२ मा आमचोक गाउँपालिकाले तपशिल वमोजिमको मुख्य नीति तथा कार्यक्रमको आधारमा योजना तयारी तथा वजेट विनियोजन गर्ने ।

क) नया सडकहरुको ट्र्याक ओपन नगर्ने । गर्नै परे अति आवश्यक र महत्वपूर्ण सडकमा निर्णय गरेर मात्र गर्ने । साथै वडा समिति र गाउँपालिका स्तरवाट सडकको लागि वजेट विनियोजन नगर्ने । सडकहरुको स्तरीकरण गरी सडक निर्माण तथा स्तरउन्नतिको लागि डोजर खरीद गर्ने ।

ख) आमचोक गाउँपालिकालाई कफि हवको रुपमा विकास गर्ने ।

ग) एक वडा एक सामुदायिक कृषि फर्मको अवधारणा अनुरुप यस वर्ष लेकाली भुभागमा एक कृषि फर्मको स्थापना गर्ने ।

घ) गुणस्तरिय शिक्षा प्रणालीलाई अवलम्वन गरी नमूना विद्यालयको लागी एक विद्यालय छनौट गर्ने ।

ङ) खानेपानी प्रणालीलाई आमचोक गाउँपालिकाको खानेपानी ऐन २०८० वमोजिम व्यवस्थित वनाउने ।

च) विपन्न जनता आवास कार्यक्रम सञ्चालन कार्यविधि वनाई जनता आवास कार्यक्रम र फुसको छानो हटाउने कार्यक्रमको शुरुवात गर्ने ।

छ) एकलाख भन्दा मुनिको कुनै योजना छनौट नगर्ने । वडा समितिले अनिवार्य ५ लाख माथिको एक वा सोभन्दा वढी योजनाको छनौट गर्ने । आवश्यक्ता अनुसार सोझेदारीमा संचालन गर्ने योजनाहरुको लागि वडाहरुले ५ लाख भन्दा माथिको वजेट विनियोजन गर्ने ।

ज) पुजिगत कार्यको लागि गाउँपालिकाले ऋण लिने प्रकृया अगाडी वढाउने ।

झ) गाउँपालिकालाई आवश्यक्ता अनुसार नगर प्रहरीको व्यवस्था गर्ने ।

ञ) आर्थिक वर्ष २०८१/८२ लाई कानून वर्ष घोषणा गर्ने ।

ट) गाउँपालिकामा एक सूचना तथा अभिलेख केन्द्रको स्थापना गर्ने ।

ठ) आमचोक गाउँपालिकालाई वालमैत्री घोषणा कार्यको कार्यतालिका संसोधन गरी तीन वर्षभित्रमा वालमैत्री गाउँपालिका घोषणा गर्ने। गाउँपालिकालाई वालमैत्री घोषणाको लागि आवश्यक नीति नियमहरुको तर्जुमा गर्ने ।

ध) गाउँपालिका र वडावाट सञ्चालित अधुरा योजनाहरुलाई प्राथमिक्ता दिएर सम्पन्न गर्ने ।

ड) वजेट शिलिङलाई विषयगत क्षेत्र अनुसार वाँडफाँड गर्ने ।

प्रमुख प्रशासकीय अधिकृत २०८१/१/१५ आमचोक गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय ब्वा, भोजपुर अध्यक्ष २०८१/१/१५

**निर्णय नं.२**
प्रस्ताव नं २ माथि छलफल भइ आमचोक गाउँपालिकाले हालसम्म स्वीकृत कानूनहरुलाई व्यवस्थित वनाई राजपत्रमा प्रकाशन गर्ने ।

**निर्णय नं.३**
प्रस्ताव नं ३ माथि छलफल भइ सुरक्षित नागरिक आवाश गृह सञ्चालनको लागि घरभाडामा लिनको लागि मिति २०८१ वैशाख ३ गतेको प्रकाशित सूचना वमोजिम आमचोक ४ निवासी श्री दलवहादुर विष्टले आमचोक ४ बालंखाको सामुदायिक भवन नजिकमा अवस्थित क्षेत्रफल २-५-०-० भएको घर जग्गा वार्षिक २५०००।(भाडा कर सहित) मा भाडामा दिनको लागि दिएको निवेदन र मुल्याङंकन समितिले उक्त घर सुरक्षित नागरिक आवाश गृह सञ्चालनको लागि उपयुक्त ठहर गरे वमोजिम पुन सम्झौता नविकरण हुने गरी असार मसान्त सम्मको लागि सम्झौता गर्ने ।

**निर्णय नं.४**
प्रस्ताव नं. ४ माथि छलफल भई आमचोक गाउँपालिकाको आ.व. २०८०-८१ को स्वीकृत कार्यक्रमको बजेट अन्तर्गत "आमचोक १० नं वडा कार्यालय भवन निर्माण " कार्यको लागि सार्वजनिक खरिद नियमावली २०६४ को नियम १० अनुसार आमचोक गा.पा. , मोरङ्, सुनसरी र काठमाण्डौ जिल्ला को आ.व. २०८०-८१ को स्वीकृत जिल्ला दररेट को अधिनमा सार्वजनिक खरिद नियमावली २०६४ को नियम १४ को उपनियम १ बमोजिम तपशिल वमोजिमको लागत अनुमान स्वीकृत गरी वोलपत्र आह्वान गर्ने ।

**तपशिल**

| | |
|---|---|
| जम्मा लागत | रु.९८,४१,३०६.०७। |
| मु.अ.कर (१३%) | रु.१२,७९,३६९.७९। |
| जम्मा लागत | रु.१,११,२०,६७५.८५। |
| कन्टिन्जेन्सी (३%) | रु.३,३३, ,६२०.२८। |
| जम्मा खर्च रकम | रु.१,१५,३६,२९६.१३। |

**निर्णय नं.५**
प्रस्ताव नं ५ माथि छलफल भई मिति २०७८/१२/१७ मा ठेक्का नं:ARM/NCB/WORKS/01/2078-79 "CONSTRUCTION OF SIKSHYAJYOTI PRIMARY SCHOOL BUILDING " कार्यको लागि आमचोक गाउँपालिकाको कार्यलय र हिवा निर्माण सेवा बिच दुइ पक्षिय सम्झौता भइ काम भइरहेको हुदाँ निर्माण व्यवसाय बाट अन्तिम बिल भुक्तानि माग गरिएकोमा प्राविधिक प्रतिवेदन वमोजिम तपशिल अनुसारको रकम भुक्तानि दिने ।

- सम्झौता रकमः रु.५५,०२,१००.४। ( मु.अ. क बाहेक)
- यस बिल बाट आएको रकमः रु.१,९४,०११.००।
- मु.अ.क (१३ %) : रु.२५,२२१.४३।
- जम्मा रकम मु अ क सहितः रु.२,१९,२३२.४३।
- कन्टिनजेनसि (३%) : रु.६,५७६.९७।
- जम्मा खर्च रकमः रु.२,२५,८०९.९०।
- धरौटि कट्टि रकम(५%) : रु.९,७००.५५।
- अग्रिम आय कर (१.५%) :रु.२,९१०.१६।
- अन्य कर : रु.७,५६६.४३।
- भुक्तानि हुने रकम : रु.१,९९,०५५.२९।

प्रमुख प्रशासकीय अधिकृत २०८१/१/१५

आमचोक गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बालंखा, भोजपुर

२०८१/१/१५ अशोक राई अध्यक्ष

**निर्णय नं.६**

प्रस्ताव नं. ६ माथि छलफल भई तपशिल वमोजिमको योजनाहरुको म्याद समाप्त भएकोले थप गर्ने ।

| क्र.सं. | योजनाको नाम र ठेगाना | म्याद समाप्त भएको मिति | म्याद थप गर्नुपर्ने कारण | योजना सम्पन्न गर्ने मिति |
|---|---|---|---|---|
| १ | कौशिका आधारभुत बिध्यालय भुई ढलाई तथा | २०८०।१२।३० | दक्ष कामदार समयमा उपलब्ध | २०८१/०२/३० |
| २ | जनजागृती आधारभुत बिध्यालय शौचालय निर्माण आमचोकः८ | २०८०।१२।३० | दक्ष कामदार समयमा उपलब्ध नभएको | २०८१/०२/३० |
| ३ | जलकन्या प्रा वि घेरावारा तथा ब्यवस्थापन | २०८०।१२।३० | दक्ष कामदार समयमा उपलब्ध | २०८१/०२/३० |
| ४ | वडा कार्यालय तथा स्वास्थ्य कार्यालय घेरावारा आमचोकः ८ | २०८०।१२।३० | दक्ष कामदार समयमा उपलब्ध नभएको | २०८१/०२/३० |
| ५ | मगरमुखा तथा रजैया खानेपानी ट्याङ्की मर्मत तथा ब्यवस्थापन आमचोकः ८ | २०८०।१२।३० | दक्ष कामदार समयमा उपलब्ध नभएको | २०८१/०२/३० |
| ६ | तोयम्पा खानेपानी ट्याङ्की मर्मत आमचोकः ८ | २०८०।१२।२५ | लागत अनुमान अनुसार सामान समयमा नपाईएको | २०८१/०२/३० |
| ७ | सार्कीवारी बाजेथानी मन्दिर घेरावारा आमचोकः८ | २०८०।१२।३० | लागत अनुमान अनुसार सामान समयमा नपाईएको | २०८१/०२/३० |
| ८ | समलकुवा खानेपानी ट्याङ्की मर्मत आमचोकः ८ | २०८०।१२।३० | लागत अनुमान अनुसार सामान समयमा नपाईएको | २०८१/०२/३० |
| ९ | कुशगाउ खानेपानी निर्माण तथा पाईप खरिद आमचोकः ९ | २०८०।१२।३० | लागत अनुमान अनुसार सामान समयमा नपाईएको | २०८१/०२/३० |
| १० | हिलेखोला धनसारे कुलो मर्मतआमचोकः९ | २०८०।१२।३० | लागत अनुमान अनुसार सामान समयमा नपाईएको | २०८१/०२/३० |
| ११ | साबुक महिला सामुदायिक भवन ब्यवस्थापान आमचोक ७ | २०८०।१२२३० | सामुदायिक वनबाट काठको रोयलटि ढिला भएको । | २०८१/०२/३० |
| १२ | वयाङ्ग डुम्रे एखुवाखोला हैखराङ्ग सडक स्तरोन्नती | २०८०।१२।३० | स्काभेटरको ब्रेकर समयमा उपलब्ध नभएको । | २०८१/०२/३० |

**निर्णय नं.७**

प्रस्ताव नं ७ माथि छलफल भइ चालु आ.व. ०८०/०८१ को स्वीकृत कार्यक्रम अनुसार कफी नर्सरी ब्यवस्थापन कार्यक्रम संचालनको लागी ८ वटा आवेदकहरु मध्ये तपशिल बमोजिमका कृषि फर्म ,कृषि समूह र कृषि सहकारीहरुलाई छनौट गर्ने ।

**तपशिल**

| क्र.स. | संस्थाको नाम | ठेगाना | सम्पर्क नं. | निवेदकको नाम | अनुदान रकम |
|---|---|---|---|---|---|
| १ | आविष्कार कृषि तथा पशुपालन फर्म | आमचोक-१० | ९८४४८३२३८ | सन्तोष राई | रु.१,५०,०००। |
| २ | रोजेशी कृषि पशुपंक्षी तथा नर्सरी फर्म | आमचोक-९ | ९८६३३५१५४० | तुलसिमाया ठाडामगर | रु.१,५०,०००। |
| ३ | आमचोक चिया तथा कफी सहकारी संस्था लि | आमचोक-४ | ९८५१२०७१५५ | दिपक राई | रु.१,५०,०००। |
| ४ | आमचोक कृषि सहकारी संस्था लि. | आमचोक-४ | ९८४८५२५००७ | हरि प्र. राई | रु.१,५०,०००। |

प्रमुख प्रशासकीय अधिकृत
२०८१/१/१५

आमचोक गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय जि. भोजपुर

०८१/१/१५
अशोक राई
अध्यक्ष

**निर्णय नं.८**

प्रस्ताव नं. ८ माथि छलफल भई आर्थिक वर्ष २०८०/८१ को नेपाल सरकार वित्तिय समानीकरण अनुदान अन्तर्गतको एभोकाडो खेती पकेट कार्यक्रमको रु.३५००००।(तीनलाख पचासहजार) वजेटवाट वढीमा ७० जना कृषक छनौट गरी न्यूनतम २५ वोट विरुवा रोपन गर्ने कृषकलाई रु.५०००। अनुदान उपलब्ध गराउने गरी कृषक छनौटको लागि ७ दिनको सूचना प्रकाशन गर्ने । माग संख्या वमोजिम आवेदक कृषक संख्या नपुगेमा थप २५ वोट विरुवा वरावर रु.५०००। को दरले थप अनुदान उपलब्ध गराउने ।

**निर्णय नं.९**

प्रस्ताव नं.९ माथि छलफल भई आमचोक गाउँपालिकाको नीति कार्यक्रम र वजेटको आधारमा भोजपुर वहुमुखि क्याम्पसमा अध्यायनरत छात्र छात्राहरुलाई अ.ल्या.आन्तरिक शिर्षकको २०८०/८१ को अन्य विविध खर्च शिर्षकवाट भुक्तानी दिने गरी विशेष छात्रवृत्ति कार्यक्रम अन्तर्गत एड्मिसन शुल्क , मासिक शुल्क र अन्य शुल्कको सोध भर्नाको लागि १५ दिनको सूचना प्रकाशन गरि आवेदन माग गर्ने ।

**निर्णय नं.१०**

प्रस्ताव नं.१० माथि छलफल भई स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६८ मा व्यवस्था भए वमोजिम गाउँपालिकाले ऋण लिन सक्ने भएकोले पुजिगत कार्यको लागि ऋण लिनको लागि कुन विधि र प्रकृयाहरुको आधारमा ऋण लिन सकिने हो ? राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोगमा अनुरोध गरि पठाउने ।

प्रमुख प्रशासकीय अधिकृत
२०८१।१।१५

आमचोक गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रंखा, भोजपुर

०८१।१।१५
अशोक राई
अध्यक्ष